भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:-

## विषयः सव इन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर सेवा करारमा लिने सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२३ गते मंगलवार

प्रस्तुत विषयमा भिमाद नगर कार्यपालिकाको मिति २०८०/१०/२३ गतेको निर्णय अनुसार यस नगरपालिकामा देहायका पदहरुमा सेवा करारमा प्राविधिक कर्मचारी करारमा लिनु पर्ने भएकोले सेवा करारमा काम गर्न ईच्छुक तपसिल वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका आवश्यक कागजातहरु निवेदक आफैले प्रमाणित गरी तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन दिन दरखास्त आह्वान गरिन्छ ।

तपसिल

| क.सं. | विज्ञापन नं. | पद | सेवा/समूह | श्रेणी/तह | संख्या | काम गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | ७-२०८०/०८१ | सव इन्जिनियर | इन्जिनियरिङ/सिभिल | सहायकस्तर पाचौं | १ | भिमाद नगरपालिका, तनहुँ अन्तरगतका वडा कार्यालयहरु |
| २ | ८-२०८०/०८१ | असिष्टेन्ट सव इन्जिनियर | इन्जिनियरिङ/सिभिल | सहायकस्तर चौथो | २ | |

१. आवश्यक न्यूनतम योग्यता:-

क. सव इन्जिनियरको हकमा:- मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण,

ख. असिष्टेन्ट सव इन्जिनियरको हकमा:- मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्वन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयवाट सम्वन्धित विषयमा टि.एस.एल.सी. उत्तीर्ण भएको,

ग. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने,

घ. निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

२. आवश्यक कागजातहरु:- निवेदक स्वयमले प्रमाणित गरी देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

ख. S.E.E/S.L.C. को शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग. मान्यता प्राप्त शिक्षण संस्थावाट प्राप्त न्यूनतम शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक प्रमाणपत्र) को प्रमाण पत्रको प्रतिलिपि, माथिल्लो योग्यता भए सो योग्यताको प्रमाणपत्र समेत,

घ. अनुभव भए सोको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २ प्रति ।

३. दरखास्त दिने स्थान:- भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ ।

४. दरखास्त दिने अन्तिम मिति:- २०८०/११/०८ गते मंगलवार (कार्यालय समय वेलुका ५ वजे भित्र) उक्त दिन सार्वजनिक विदा परेमा सो विदा सकिएको भोलिपल्ट ।

५. सेवा सुविधाः सेवा करार सम्झौता वमोजिम हुनेछ ।

६. दरखास्त दस्तुरः रु.४००।

७. छनौटको किसिमः भिमाद नगरपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७४ को दफा ४ वमोजिम सूचिकरण र अन्तरवार्ता ।

२०८०/१०/२२

पदमराज अर्याल
निमित्त प्रमुख प्रशासकीय अधिकृत